# प्रदेशको रणनीतिक विकासका लागि लुम्बिनी प्रदेश र गण्डकी प्रदेश सरकारबीचको साझा प्रतिवद्धता

नेपालको संविधानको धारा ५६ को व्यवस्था वमोजिम राज्यशक्तिको बाँडफाँड, सङ्घीय ढाँचाको शासकीय अभ्यास, तीन तहका सरकार बीचको समन्वय, सहकार्य र सहअस्तित्वको मर्मलाई मनन गर्दै, संविधानको अनुसूची-६ मा प्रदेश सरकारलाई प्रदत्त अधिकारको एकल एवम् तीन तहका सरकारबीचको साझा अधिकारका सूची (अनुसूची-९) बाट निर्देशित हुँदै, नेपालको संविधानको धारा २३३ मा भएको व्यवस्था समेतलाई मध्यनजर गर्दै, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको समग्र विकास र समृद्धिका सवालहरु, हाम्रा साझा सम्भावनाहरु संयुक्त रुपमा सम्बोधन गर्दै, दुवै प्रदेशका नागरिकहरुको विकासका आकांक्षाहरु पूरा गर्न, प्रदेश सरकारका कामकारवाहीलाई प्रभावकारी पार्दै जनताको नजिकमा प्रदेश सरकारलाई लैजाने प्रयासका रुपमा पहिलो पटक लुम्बिनी प्रदेश सरकारको आयोजनामा पाल्पा जिल्लाको ऐतिहासिक धरोहर रानीमहलमा आयोजना भएको दुवै प्रदेशका मुख्यमन्त्रीहरुको संयुक्त वैठकले देहायका निर्णय एवं प्रतिवद्धता व्यक्त गरेको छ।

१. लुम्विनी प्रदेश र गण्डकी प्रदेशका बीचमा हवाइसेवा विस्तार एवम् नियमित रुपमा सञ्चालन गर्न सरकारी तथा निजी क्षेत्रका हवाई सेवा प्रदायक कम्पनी मार्फत नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाई सेवा विस्तार गर्न पहल गर्ने।

२. अन्तर प्रदेश सडक सञ्जाल विस्तारका लागि लुम्विनी-लोमान्थाङ (लुम्विनी-मुक्तिनाथ) सिल्क सडक, लुम्विनी-त्रिवेणी- दुम्कीवास सडक, गैंडाकोट-कालिगण्डकी कोरिडोर, दुम्किवास (नवलपुर)-ज्यामिरे (निस्दी गाउँपालिका, पाल्पा) - कालिगण्डकी कोरिडोर र भिमगिठे-बुर्तिवाङ– गौमुखी-झिम्रुक सडक स्तरोन्नती तथा विस्तार गर्न प्राथमिकताका साथ कार्यान्वयन प्रकृया अगाडी बढाउने।

३. सिद्धार्थ राजमार्गको पोखरा-वुटवल सडक खण्डलाई डेडिकेटेड दुई लेनमा विस्तार गर्न संघीय सरकारलाई संयुक्त रुपमा अनुरोध गर्ने।

४. एकीकृत विकासको अवधारणा अनुरुप आर्थिक वृद्धिका सम्भावनाका क्षेत्र (भरतपुर-वुटवल-पोखरा) लाई समेटी संघीय सरकारबाट प्रस्तावित गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयनका लागि संघीय सरकारलाई अनुरोध गर्ने साथै प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सृजना हुने गरी आगामी आर्थिक वर्षमा वजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

५. दुवै प्रदेशअन्तर्गत निर्धारित कृषि पकेट क्षेत्रमा उत्पादित कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता एवम् वितरण प्रणालीलाई व्यवस्थित गर्न लुम्बिनी प्रदेशमा उत्पादित वस्तुको लागि पोखरामा र गण्डकी प्रदेशमा उत्पादित वस्तुको लागि लुम्बिनीको उपयुक्त स्थानमा चिस्यान केन्द्र सहितको बिक्री कक्ष र खाद्य तथा गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना गर्ने।

६. कृषि तथा पशुजन्य उत्पादनलाई दुवै प्रदेशका मुख्य बजार केन्द्रहरूसम्मको पहुँच विस्तारका लागि बजार पूर्वाधार तयार गर्न संयुक्त सम्भाव्यता अध्ययन समिति गठन गर्ने।

७. उत्तर-दक्षिण कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरको रूपमा विकास गरी हिमाली तथा पहाडी जिल्लाका उत्पादनलाई तराई तथा सीमापार बजारसँग जोड्न दुवै प्रदेशले यी कोरिडोरहरुमा व्यवसाय, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने साथै होटल व्यवसाय सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यक्रम गर्ने।

८. दुवै प्रदेशमा उत्पादन भएका कृषि उपजहरू तथा वनजन्य जडिबुटिलाई मूल्य श्रृङ्खलासँग जोड्न प्रशोधन केन्द्र स्थापना गर्ने कार्यमा निजी क्षेत्रसँग सहकार्य गर्ने तथा सोको लागि आगामी आर्थिक वर्ष देखि दुवै प्रदेशवाट व्याज अनुदान दिने गरी कार्यक्रम सञ्चालन गर्ने।

९. दुवै प्रदेशको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्न साझा कार्यक्रम तयार गर्ने। साथै लुम्बिनी र गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यको सूचना दिने गरी गण्डकी प्रदेशले Integrated Application सहितको Software निर्माण तथा सञ्चालन गर्ने।

१०. लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गको रुपमा विकास गरी दुवै प्रदेशका पर्यटकीय गन्तव्यसम्म जोड्ने एकीकृत पर्यटन मार्ग (Integrated Tourism Corridor) निर्माण गर्न दुवै प्रदेशले संयुक्त गुरुयोजना तयारी गर्ने तथा पर्यटकीय गन्तव्यको प्रचार प्रसार र प्रवर्द्धनमा दुवै प्रदेशका वीच सहकार्य गर्ने। त्रिवेणी-देवघाट-रिडी रुरु क्षेत्र-मुक्तिनाथ समेतलाई समेटेर धार्मिक एवं साँस्कृतिक क्षेत्रको रुपमा विकास गर्न संयुक्त कार्यक्रमहरु सञ्चालन गर्ने ।

११. गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्यूठान-रोल्पा मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशअन्तर्गत थारू-अवध-नेवार र गण्डकी प्रदेशअन्तर्गत गुरूङ-थकाली-नेवार तथा समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाउने।

१२. लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम)को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनासलु क्षेत्र, अन्नपूर्ण क्षेत्र, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकासका लागि दुवै प्रदेशले एकीकृत पर्यटनको विकास र प्रवर्द्धनमा जोड दिने।

१३. लुम्बिनी प्रदेशका बाँके र वर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र र गण्डकी प्रदेशका चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु तथा अन्नपूर्ण संरक्षण क्षेत्र, र दुवै प्रदेशमा पर्ने ढोरपाटन सिकार आरक्ष क्षेत्र लाई समेटी पर्या-पर्यटकीय तथा साहसिक पर्यटकीय सर्किटका रूपमा विकास गर्ने।

१४. दुवै प्रदेशमा रहेका उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटबलमा निर्माणाधीन मोतिपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्र समेतको प्रयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने।

१५. दुवै प्रदेशमा खानी तथा खनिज उद्योगको स्थापना, सञ्चालन एवं विस्तार र प्राकृतिक स्रोतजन्य उत्पादनको बिक्री वितरणलाई व्यवस्थित गर्न दुवै प्रदेशले सेवा शुल्क दस्तुर लगायतमा एकरुपता कायम गर्ने, औद्योगिक सुरक्षा, वजारीकरण र ढुवानीको सहजीकरणका लागि आवश्यक वातावरण तयार गर्ने।

१६. दुवै प्रदेशको बृहत्तर हितमा योगदान पुऱ्याउन सहलगानीमा सञ्चालन हुन सक्ने सम्भावित ठूला आयोजनाको पहिचान गर्ने साथै दुवै प्रदेशलाई अधिकतम फाइदा हुने वहुउद्देश्यीय प्रकृतिका वृहत जलस्रोत आयोजनाहरुको निर्माण तथा सञ्चालन आपसी समझदारीका आधारमा गर्ने।

१७. प्रदेश कानुन बमोजिम नदिजन्य पदार्थको उपयोगमा लगाइने करका सम्वन्धमा दुवै प्रदेशवीच एकरुपता कायम गर्ने।

१८. दुवै प्रदेशमा सञ्चालन हुने सार्वजनिक सवारीको यात्रु भाडादर सम्भव भएसम्म एकरुपता हुने गरी निर्धारण गर्ने र सडक यातायात दुर्घटना जोखिम न्यूनीकरणका लागि सवारी गति नियन्त्रण र मादक पदार्थ सेवनको जाँच, चालक प्रशिक्षण, अनुगमन तथा निरीक्षण लगायतका कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने।

१९. दुवै प्रदेश जोड्ने रामपुर-चापाकोट एकीकृत शहरी विकास आयोजना कार्यान्वयनका लागि संघीय सरकारलाई सिफारिस गर्ने।

२०. नेपालको एक ऐतिहासिक सम्पदाको रुपमा रहेको पाल्पाको रानीमहलको प्रवर्द्धन र संरक्षण तथा रानीमहल क्षेत्रमा जलाशय सहितको पर्यटकीय पूर्वाधार विकास गर्न संयुक्त कार्य गर्ने। कालीगण्डकी जलविद्युत आयोजनाको बाँध क्षेत्रदेखि रानीमहल हुँदै बग्ने तल्लो

तटीय क्षेत्रमा पानीको वहाव एवं परिमाणलाई बढाउन सम्वन्धित आयोजना मार्फत संघीय सरकारको सम्वद्ध मन्त्रालयमा सिफारिस गर्ने ।

२१. दुवै प्रदेशको सहकार्य, समन्वय र साझेदारीलाई प्रवर्द्धन गर्न समन्वयात्मक वैठकलाई निरन्तरता दिदै आगामी बैठक गण्डकी प्रदेशले आयोजना गर्ने।